गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

## गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोट:

### गाउँ कार्यपालिकाको मिति २०७५ पौस ६ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू:

१. गाउँपालिकाको व्याकहोलोडर सञ्चालन कार्यविधि, २०७४ मा रहेको व्याकहोलोडर सञ्चालन समितिमा रहने सदस्यको संख्या २ जना थप गरि संशोधन गर्ने ।

२. गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम हुने गरि गाउँपालिकामा रिक्त रहेको इन्जिनियर पदको विज्ञापन गर्ने ।

३. क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले दर्ता गर्न अनुमति दिन सम्बन्धमा थप छलफल अध्ययन गरि अर्को बैठकबाट टुंग्याउने ।ञ

४. यस गाउँपालिकाको ७ नं. वडा कार्यालयको भवन निर्माणको लागी जग्गा प्राप्ति जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्ति गर्न ७ नं. वडाका वडा अध्यक्षको संयोजकत्वमा कार्यदल गठन गर्ने ।

५. गाउँपालिका भित्रका सवै सामाजिक सुरक्षा लाभग्राहीहरूको **MIS Entry** यहि मिति २०७५ पौस मसान्त भित्र सम्पन्न गर्न सवै वडा कार्यालयहरूबाट आबश्यक तत्थ्यांक यथाशिघ्र गाउँ कार्यपालिकाको कार्यालयमा उपलव्ध गराउने र सोका लागी अनुमानित खर्च रू. १ लाख ५० हजार स्वीकृत गर्ने ।

६. यस गंगादेव गाउँपालिकाको प्रथम चौमासिकको सार्वजनिक सुनुवाइ यहि मिति २०७५ पौस १७ गते राख्ने ।

७. करार कर्मचारी छनोट तथा पदपुर्ति समितिले गरेको अ.स.इन्जिनियर पदको सिफारीसलाइ अनुमोदन गर्ने ।

८. गंगादेव गाउँपालिका खेलकुद विकास समितिका लागी चालु आ.ब.मा विनियोजित बजेट रू. १५ लाखको कार्यक्रम स्वीकृत गर्ने ।

९. विविध सम्बन्धमा,

क) गाउँपालिकाको केन्द्रको लागि आवश्यक पर्ने जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्ति गर्नको लागी रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारि ज्यू लाइ आबश्यक प्रकृया पुरा गर्नको लागी अनुरोध गर्ने ।

ख) गाउँपालिकाको सवारी साधन चलाउने ड्राइभरलाइ दिइने सेवा सुविधा सम्बन्धमा अर्को वैठकमा छलफल गर्ने ।

ग) यस गाउँ कार्यपालिकाको कार्यालय, २ नं. वडा कार्यालय र जिनावाङ स्वास्थ्य चौकिमा कार्यालय सहयोगि राख्ने बिषय अर्को बैठकबाट टुंग्याउने ।

२०७५।९।६

.................................
प्रमुख प्रशासकिय अधिकृत
सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत